आज मिति २०७७ साल कार्तिक २६ गते विहान ९ बजे गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङज्यूको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा Provincial Covid-19 Crisis Management Centre (PCCMC) को बैठक बसी देहाय बमोजिमका निर्णय गरियो ।

**उपस्थिति:**

| | |
|---|---|
| मा. पृथ्वी सुब्बा गुरुङ, मुख्यमन्त्री, गण्डकी प्रदेश | अध्यक्ष |
| मा. किरण गुरुङ, मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय, गण्डकी प्रदेश | सदस्य |
| मा. हरि बहादुर चुमान, मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश | सदस्य |
| मा. नरदेवी पुन, मन्त्री, सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश | सदस्य |
| श्री मान बहादुर जि.सी., प्रमुख, पोखरा महानगरपालिका | सदस्य |
| श्री विष्णु प्रसाद नेपाल, प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| श्री विनय विक्रम राणा, पृतनापति, पश्चिम पृतना हेडक्वार्टर, पोख्ररा | सदस्य |
| श्री घनश्याम अर्याल, प्र.ना.म.नि, गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | सदस्य |
| श्री राजेन्द्र बस्नेत, स.प्र.ना.म.नि. सशस्त्र प्रहरी बल नं ४ मुक्तिनाथ बाहिनी, पोखरा | सदस्य |
| श्री प्रकाश पाण्डे, अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान प्रदेश कार्यालय, पोखरा | सदस्य |
| श्री केदारनाथ शर्मा, सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश | सदस्य-सचिव |

**आमन्त्रित सदस्य**

डा. राजेन्द्र घिमिरे, मुख्य न्यायाधिवक्ता, मुख्य न्यायाधिवक्ताको कार्यालय, गणडकी प्रदेश, पोखरा

श्री इन्दु घिमिरे, सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा

श्री दल बहादुर अधिकारी, सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा

श्री राम प्रसाद घिमिरे, सचिव, सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश, पोखरा

श्री ज्ञान प्रसाद ढकाल, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, कास्की

डा. विनोद विन्दु शर्मा, निर्देशक, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश

श्री बुद्धि बहादुर थापा, उप-कूलपती, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान –

प्रा.डा. अर्जुन आचार्य, निर्देशक, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान

डा. बसन्त ताम्राकार, वरिष्ठ चिकित्सक, फिस्टेल अस्पताल प्रा.लि

श्री अशोक पालिखे, अध्यक्ष, निजी अस्पताल संघ

श्री काशी राम गैरे, उप-सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय

श्री शिव लम्साल, अधिकृत सातौं, आन्तरिक मामिला तथा कानून मन्त्रालय

डा. सुरेश थापा व.क. फिजिसियन (दशौं) प.क्षे. अस्पताल

प्र.उ. राम बहादुर शाही पश्चिम पृतना हे. क्वा.

सेनानी प्रेम प्रसाद पौडेल पश्चिम पृतना हे. क्वा.

शम्भु प्रसाद [illegible], सामाजिक विकास मन्त्रालय उ.स.

निर्णय:

१) यस प्रदेशमा कोभिड-१९ को वर्तमान अवस्था तथा अपनाउनुपर्ने स्वास्थ्य सुरक्षाको बारेमा छलफल तथा समिक्षा गरियो।

२) पछिल्लो अवधिमा कोभिड-१९ बाट संक्रमित व्यक्तिहरुको संख्या बढ्दै गईरहेको देखिएकोले नजिकै आएको तिहारको अवसरमा देउसी भैलो खेल्ने लगायतका अनावश्यक भिडभाड जम्मा हुने खालका कार्यक्रमहरु संचालनमा स्थानीय प्रशासन र प्रहरीले प्रचलित कानून बमोजिम रोक लगाउने।

३) बन्दाबन्दीको आदेशलाई केही खुकुलो बनाईएको वर्तमान अवस्थामा बजारमा चहलपहल हुनु र आवागमन बढ्नु स्वाभाविक हो। तर नागरिकहरुले स्वास्थ्य सुरक्षा सतर्कतालाई बेवास्ता गर्दै धार्मिक तथा पर्यटकीय स्थल लगायतका कतिपय स्थानमा ठूलो संख्यामा भेला जम्मा भएको देखिएकोले संक्रमणको दर पनि बढ्दै गईरहेको छ। मास्क नलगाईकन हिंड्ने प्रवृत्तिलाई पूर्णतः रोक लगाउनुपर्दछ। व्यापार व्यवसाय संचालन गर्दा स्वास्थ्य सम्बन्धी मापदण्डको पूर्णतः परिपालना गरेको हुनुपर्दछ। मास्क नलगाउने एवं स्वास्थ्य सम्बन्धी न्यूनतम सुरक्षाका मापदण्डको पालना नगर्ने व्यक्ति/निकायलाई DCCMC ले प्रचलित कानून बमोजिम कारवाही गर्ने।

४) पछिल्लो समयमा कोभिड-१९ संक्रमणको जोखिमलाई मध्येनजर गरी प्रदेश भित्रका धार्मिक स्थलमा जमघट, महोत्सव, भोजभतेर, जात्रा, महायज्ञ लगायतका कार्यक्रमहरुमा सम्बन्धित स्थानीय तहको समन्वयमा DCCMC ले रोक लगाउने ।

५) स्वास्थ्य संस्थामा स्वीकृत दरवन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएकोले उपचार कार्यमा बाधा परेको विषय छलफलमा उठेकोले सामाजिक विकास मन्त्रालयले यथाशिघ्र करारको माध्यमबाट रिक्त दरवन्दी पूर्तिको व्यवस्था मिलाउने।

६) कास्की जिल्लामा कोभिड-१९ का संक्रमितहरु बढ्दै गएको अवस्थालाई मध्येनजर गर्दा हाललाई १०००-१५०० को संख्या सम्म Isolation कक्ष बढाउनुपर्ने देखिएको छ। यसको लागि उपलब्ध अस्पताल मात्र पर्याप्त नहुने भएकोले पोखरामा भएका होटल लगायतका अन्य सम्भाव्य सहज स्थानको पहिचान गरी आवश्यक व्यवस्थापनको लागि सामाजिक विकास मन्त्रालयले प्रस्ताव तयार गरी कोभिड निर्देशक समितिमा पठाई निर्णयानुसार गर्ने। साथै नीजि अस्पताल तथा मेडिकल कलेजसंग पनि आवश्यक समन्वय र सहमति गर्ने ।

७) शव व्यवस्थापन गर्ने कार्यमा आवश्यक पर्ने डोरी, प्लाष्टिक, मास्क, स्ट्रेचर लगायतका वन्दोबस्तीका सामान(Logistics) पोखरा महानगरपालिकाले खटिएका सुरक्षाकर्मीलाई समयमै उपलब्ध गराउने। महानगरपालिकामा बजेटको अभाव भएमा कोरोना भाईरस रोग रोकथाम, नियन्त्रण तथा उपचार कोष (सामाजिक विकास मन्त्रालय) सँग आवश्यक पर्ने न्यूनतम रकम पुष्ट्याईं सहित माग गर्ने र कोषले संचालक समितिको निर्णय गरी रकम उपलब्ध गराउने।

८) शव व्यवस्थापन गर्ने कार्यमा संलग्न सुरक्षाकर्मीको टोली जतिखेर पनि जुनसुकै अस्पतालमा भनेको समयमा उपस्थित हुने अवस्था रहँदैन। शवलाई लामो समयसम्म वार्डमा नै राखी रहँदा पनि वरपरका बिरामीहरुलाई नकारात्मक प्रभाव पर्दछ। तसर्थ शवलाई वार्डबाट तुरुन्त हटाउनुपर्दछ। त्यसैले सम्बन्धित अस्पतालकै शवगृह वा अस्पतालकै अन्य कुनै अलगै कोठामा वा पोखराको हकमा पश्चिमाञ्चल क्षेत्रीय अस्पताल वा जिल्लाभित्रको सरकारी अस्पतालको शव गृहमा सबै शवहरु संकलन गर्ने र त्यही ठाउँबाट सबै शवहरु संकलन गरी दिनको एक पटक मात्र शव व्यवस्थापन गर्दा प्रभावकारी हुने भएकोले सम्बन्धित DCCMC र सामाजिक विकास मन्त्रालयले सोही बमोजिमको व्यवस्था मिलाउने।

९) कोभिड-१९ को संक्रमण देखिई Isolation (Home वा अन्यत्र) मा बसेका बिरामीहरुको १४ दिन भित्रमा कुनै लक्षण देखिएमा नजिकको अस्पतालमा भर्ना हुन र उक्त अवधिभित्र संक्रमणको कुनै पनि लक्षण नदेखिएकाको हकमा विना परिक्षण स्वतः डिस्चार्ज हुने/गर्ने र स्वास्थ्य प्रोटोकल अपनाई दैनिक गतिविधिमा संलग्न हुन सक्ने जानकारी वा सूचना सम्प्रेषण गर्ने व्यवस्था सामाजिक विकास मन्त्रालय र DCCMC ले मिलाउने।

१०) कोभिड-१९ बाट संक्रमित व्यक्तिको संख्या बढ्दै गएको, सामान्य लक्षण देखिँदा पनि बिरामीहरु पोखरामा नै आउन चाहने तथा चिकित्सकले रिफर समेत गर्ने गरेका कारण पोखरामा दिन प्रतिदिन बिरामीको चाप बढ्दै गईरहेको छ। त्यस्तै, लक्षण देखिएका बिरामीलाई पनि संक्रमणको गहनताको आधारमा अक्सिजन, ICU वा भेन्टिलेटर कुन सुविधा प्राप्त अस्पतालमा लैजानुपर्ने हो? सो को जानकारी समयमै नपाउँदा बिरामीले झन् दुःख पाउनु परिरहेको छ। तसर्थ, प्रत्येक जिल्लामा विशेषज्ञ सहितको Team गठन गर्ने, उक्त Team ले जिल्लाभित्र उपलब्ध सुविधा र बेडको संख्या, पोखरामा पठाउनुपर्ने भएमा पोखरामा उपलब्ध हुन सक्ने खाली बेड, सुविधा र अस्पतालको विवरण दैनिक रुपमा अध्यावधिक गर्ने र सोही बमोजिम उपयुक्त ठाउँमा मात्र बिरामी पठाउने व्यवस्था DCCMC ले मिलाउने। सो को समन्वय र व्यवस्थापन सामाजिक विकास मन्त्रालयले गर्ने।

११) पछिल्लो अवस्थामा यस प्रदेशमा कोभिड-१९ को संक्रमण दर बढ्दै गईरहेको छ। प्रदेशको कूल संक्रमित संख्या मध्ये ६०% संक्रमित कास्की जिल्लामा रहेको र जिल्लाको कूल संक्रमित मध्ये अधिकांश पोखरा महानगरपालिका क्षेत्रभित्र रहेको देखिन्छ। तसर्थ महानगरपालिका/सम्बन्धित स्थानीय तहको समन्वयमा संक्रमण दर उच्च रहेको क्षेत्रमा समुदायस्तर सम्म नै Sample को रुपमा एक परिवार एक PCR परिक्षण हुने गरी Mass Testing गर्ने व्यवस्था सामाजिक विकास मन्त्रालयले मिलाउने।

१२) स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको अनिवार्य रुपमा पालना गर्ने विषय जनचेतनासँग सम्बन्धित देखिन्छ। साथै, संक्रमित व्यक्तिले अपनाउनुपर्ने सतर्कता र उपचारको विषय उच्च मनोबल कायम गर्नेसँग सम्बन्धित देखिन्छ। तसर्थ सामाजिक विकास मन्त्रालयले सम्बन्धित विशेषज्ञहरुको सहयोगमा



०७७।०७।२६

कोभिड-१९ बाट बच्ने र बचाउने विषयमा आम जनचेतना फैलाउने तथा मनोवैज्ञानिक/मनोसामाजिक परामर्श उपलब्ध गराउने कार्यक्रम एकिन गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा उपलब्ध गराउने र यसको समन्वय प्रमुख सचिवले गर्ने।

१३) कोभिड-१९ को संक्रमण दर उच्च रहेका स्थानीय तह, वडा, समुदाय, बस्ती आदिमा संक्रमण रोक्नको लागि प्रचलित कानून र नेपाल सरकारको निर्णय बमोजिम आवागमनमा रोक लगाउने, पेशा व्यवसायमा रोक लगाउने, अनावश्यक भेला जम्मा हुन नपाउने लगायतका विषयलाई कडाईका साथ कार्यान्वयन गर्ने व्यवस्था सम्बन्धित DCCMC ले मिलाउने।

२०७७/०७/२६.

**मुख्यमन्त्री**